# गैंडाकोट नगरपालिका कार्यालय

## **गैंडाकोट, नवलपरासी**

### विज्ञापन कर रकम संकलन ठेक्का सम्बन्धी प्रकाशित सूचना

**सूचना प्रकाशित मितिः–२०७२।११।१२**

यस नगरपालिका क्षेत्रभित्र विभिन्न व्यवसायीक सामाग्रीको विज्ञापन तथा प्रचार प्रसारका लागि स्वीकृत गरिएका स्थान तथा निजी, सरकारी तथा संघ संस्थाहरुको घर, टहराहरु, जग्गा तथा स्वीकृत भएको सडकका दायाँवायाँ रहेका पोलहरु माथि राखिएका होर्डिङ्गवोर्ड, (न.पा. को होर्डिङ्ग वोर्डलाई निरुसाहित गर्ने नीति रहेको व्यहोरा अनुरोध गर्दै ) व्यानर तथा चाडवाड तथा मेला महोत्सवमा गरिने प्रचार प्रसार सामाग्रीहरुको आ.व.०७२।७३ र आ.व. ०७३।७४ सम्मका लागि स्थानीय स्वायत्त शासन ऐन, नियमानुसार लिन पाउने विज्ञापन कर निजी क्षेत्रको संलग्नता गराई संकलन गर्ने निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित कार्य गर्नका लागि इच्छुक मु.अ.करमा दर्ता भएका विज्ञापन एजेन्सीसंग सम्बन्धित संस्था तथा फर्महरुले यो सूचना प्रकाशित मितिले ३० (तिस) दिन सम्ममा यस गैंडाकोट नगरपालिका कार्यालयबाट वोलपत्र फाराम रु.१,०००।–मा खरिद गरि, ३१ औं दिन दिनको १२.०० वजे सम्ममा बोलपत्र फाराममा आफ्नो कबोल रकम अंक र अक्षरमा प्रष्ट उल्लेख गरि (तोकेको न्यूनतम रकम भन्दा माथि कबोल गर्नु पर्ने ), दुई बर्षका लागि जम्मा हुन आउने कबोल रकमको ५ पाँच प्रतिशतले हुने रकम धरौटी वापत यस न.पा.को परासी शाखामा रहेको धरौटी खाता नं. ३१००३०२०१२१८३ मा रहेको धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गरि खाम बाहिर गैंडाकोट नगरपालिका कार्यालयको आ.व.०७२।७३ देखि ०७३।७४ सम्मका लागि विज्ञापनकर रकम संकलन गर्ने ठेक्का सम्बन्धी वोलपत्र लेखि शिलबन्दी गरि वोलपत्र न.पा. कार्यालयमा पेश गरि दर्ता गर्नु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु ३१ औं दिन दिनको २.०० बजे साक्षी प्रतिनिधिको रोहवरमा गैंडाकोट नगरपालिकाकार्यालयमा खोलिने छ । उल्लेखित दिनहरुमा सार्वजनिक विदा पर्न गएमा भोलिपल्ट कार्यालय खुलेको दिनलाई मानिनेछ । अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख भए अनुसार एवम प्रचलित कानून बमोजिम हुनेछ । यस सम्बन्धमा थप कुरा बुझ्न पर्ने भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । साथै यस नगरपालिका क्षेत्रभित्रका व्यवसायीले न.पा.मा दर्ता गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**तपशिल**

| विवरण | जम्मा अंकमा | जम्मा अक्षरमा |
|---|---|---|
| न्यूनतम कबोल रकम | ४,००,०००।०० | रुपैया चार लाख रुपैया मात्र |

Notice Link:- ***http://echitwanpost.com/chitwan/33690/02_24/***